# गढीमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
समनपुर, रौतहट
मधेश प्रदेश, नेपाल

**आगामी आ.व.२०८०/०८१ को लागि आन्तरिक आयको ठेक्का बन्दोवस्त सम्बन्धी शिलबन्दी दरभाउ पत्र आव्हानको सुचना !**

**प्रथम पटक प्रकाशित मिति : २०८०।०४।०१ (संशोधित)**

गढीमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत स्थानीय राजश्व परामर्श समितिको मिति २०८०।०३।०७ गतेको निर्णय तथा यस कार्यालयको मिति २०८०।०३।३१ गतेको निर्णय अनुसार आर्थिक वर्ष २०८०/०८१ को लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को उपदफा २ (ग) बमोजिम निम्नानुसारको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले यस कार्यालयबाट दरभाउ पत्र फाराम खरिद गरी निर्धारित समयभित्र शिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | न्यूनत्तम कबोल अंक | दरभाउ पत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| १ | १/२०८०/०८१ | टोकार पुलदेखि उत्तर हरैया नाकाको नदिजन्य पदार्थ (बालुवा, गिट्टी र ग्रेभल) उत्खनन तथा बिक्री कर संकलन | ९०,००,०००।- | ३,०००।- |
| २ | २/२०८०/०८१ | टोकार पुलदेखि दक्षिण समनपुरदेखि धर्मपुर पुलसम्म नाकाको नदिजन्य पदार्थ (बालुवा, गिट्टी र ग्रेभल) उत्खनन तथा बिक्री कर संकलन | ९०,००,०००।- | ३,०००।- |
| ३ | ३/२०८०/०८१ | धर्मपुर पुलदेखि दक्षिण माधोपुर सिमानासम्म नाकाको नदिजन्य पदार्थ (बालुवा, गिट्टी र ग्रेभल) उत्खनन तथा बिक्री कर संकलन | २,००,०००।- | १,०००।- |
| ४ | ४/२०८०/०८१ | समनपुर हाट बजार विटौरी कर संकलन | ७,००,०००।- | १,०००।- |
| ५ | ५/२०८०/०८१ | वरियारपुर मलाही टोल हाट बजार विटौरी कर संकलन | ३,००,०००।- | १,०००।- |
| ६ | ६/२०८०/०८१ | समनपुर देखि मदनपुर घाटसम्मको माछा संकलन तथा बिक्री कर संकलन | १,५०,०००।- | १,०००।- |
| ७ | ७/२०८०/०८१ | लक्ष्मीपुरदेखि धर्मपुर घाटसम्मको माछा संकलन तथा बिक्री कर संकलन | १,००,०००।- | १,०००।- |
| ८ | ८/२०८०/०८१ | भौतिक पूर्वाधार उपभोग कर संकलन (समनपुर - गरुडा सडक) | १५,००,०००।- | १,०००।- |

**शर्तहरु :**

(१) यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिन मिति २०८०।०४।१५ गते कार्यालय समय भित्र निवेदनसाथ नवीकरण भएको ईजाजत पत्र, मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाण पत्र, आ.व.२०७८/०७९ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि सहित राजश्व शाखाबाट दरभाउ पत्र फाराम खरिद गरी सक्नुपर्नेछ । यो सूचना प्रकाशित भएको मितिले १६ (सोलह) औं दिन मिति २०८०।०४।१६ गते दिनको १२:०० बजेभित्र दरभाउ पत्र फारामसाथ नवीकरण भएको ईजाजत पत्र, मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाण पत्र, आ.व.२०७८/०७९ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, दरभाउ पत्र फारम दस्तुर बुझाएको नगदी रसिद सहितको शिलबन्दी दरभाउ पत्र राजश्व शाखामा दर्ता गरी सक्नुपर्नेछ । रीतपूर्वक दर्ता हुन आएका गोप्य शिलबन्दी दरभाउ पत्रहरु १६ (सोलह) औं दिन मिति २०८०।०४।१६ गते दिनको २:०० बजे दरभाउ पत्रदाता स्वयम् वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । प्रतिनिधिको उपस्थिति नभए पनि कार्यालयमा दर्ता भएका शिलबन्दी दरभाउ पत्र खोल्न बाधा पर्नेछैन ।

(२) हरैया टोकार नाका र समनपुर, धर्मपुर नाकाको बालुवा, गिट्टी, ग्रेभल ठेक्काको हकमा ३० औ दिन मिति २०८०।०४।३० गते कार्यालय समय भित्र निवेदनसाथ नवीकरण भएको ईजाजत पत्र, मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाण पत्र, आ.व.२०७८/०७९ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि सहित राजश्व शाखाबाट दरभाउ पत्र फाराम खरिद गरी सक्नुपर्नेछ । यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन मिति २०८०।०४।३१ गते दिनको १२:०० बजेभित्र दरभाउ पत्र फारामसाथ नवीकरण भएको ईजाजत पत्र, मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाण पत्र, आ.व.२०७८/०७९ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, दरभाउ पत्र फारम दस्तुर बुझाएको नगदी रसिद सहितको शिलबन्दी दरभाउ पत्र राजश्व शाखामा दर्ता गरी सक्नुपर्नेछ । रीतपूर्वक दर्ता हुन आएका गोप्य शिलबन्दी दरभाउ पत्रहरु ३१ औं दिन मिति २०८०।०४।३१ गते दिनको २:०० बजे दरभाउ पत्रदाता स्वयम् वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । प्रतिनिधिको उपस्थिति नभए पनि कार्यालयमा दर्ता भएका शिलबन्दी दरभाउ पत्र खोल्न बाधा पर्नेछैन ।

(४) दरभाउ पत्र दर्ता गर्दा ठेक्का जमानत (BID Security) धरौटी वापतको रकम स्वदेशी नागरिक भएमा बोल कबोल अंकको ५% रकम यस कार्यालयको ग्लोबल आइएमई बैंक लिमिटेड, गढीमाई शाखा, रौतहटमा रहेको ग-३ स्थानीय तह धरौटी खाता (गढीमाई न.पा.) नं.- ३५५०४०१००००००४ मा रकम जम्मा गरेको सक्कलै भौचर वा १२० दिनको म्याद भएको बैंक जमानत सहित शिलबन्दी दरभाउ पत्रसंग संलग्न गरी पेश गर्नुपर्नेछ ।

(५) दरभाउ पत्र फाराम खरिद तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमश : सो को भोलिपल्ट दरभाउ पत्र खरिद, दर्ता र खोल्ने कार्य हुनेछ ।

२०८०/४/७

नागेन्द्र यादव
नि. प्रमुख प्रशासकीय अधिकृत

# गढीमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### समनपुर, रौतहट
मधेश प्रदेश, नेपाल

(६) शिलबन्दी दरभाउ पत्र फाराममा आफुले कबोल गरिएको रकम अंक र अक्षरमा स्पष्ट बुझ्ने गरी लेख्नुपर्नेछ ।

(७) ठेक्का बन्दोवस्तको रकम एकमुष्ट नगद रकम यस कार्यालयको ग्लोबल आइएमई बैंक लिमिटेड, गढीमाई शाखा, रौतहटमा रहेको ग-१.१ आन्तरिक राजश्व खाता (गढीमाई न.पा.) नं.-३५५०४०१००००००६ मा रकम जम्मा गरिएको सक्कलै बैंक भौचर पेश गरी सम्झौताको लागि उपस्थित हुनुपर्नेछ । ठेक्का बन्दोवस्त वापतको रकम स्वीकृत दरभाउ पत्रदाताले सम्झौता गर्दाको बखत एकमुष्ट बुझाएमा बोल कबोल अंकको १०% छुट दिन सकिनेछ ।

(८) बन्द हडताल लगायत स्थानीय वासीहरुले ठेक्का चलन गर्न नदिएको वा अवरोध गरेको वा अन्य व्यवधानहरु समेतको व्यवस्था गर्ने जिम्मेवारी दरभाउ पत्रदाता स्वयम्को हुनेछ । त्यस वापत यस कार्यालयमा कुनै पनि क्षतिपूर्ति तथा मिनहा दाबी गर्न पाइने छैन ।

(९) सकार गरेको बोल कबोल अंकको १३% मु.अ.कर समेत लाग्ने छ र सो रकम ठेकेदार स्वयम्ले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ ।

(१०) नियमानुसार तोकिएको दररेटमा कर संकलन गर्नुपर्नेछ । तोकिएको दररेट दरभाउपत्रमा उल्लेख गरिएको छ ।

(११) ठेक्काको अवधि सम्झौता गरेको मितिदेखि २०८१ अषाढ मसान्तसम्म र नदिजन्य पदार्थ ठेक्काको हकमा सम्झौता भएको मितिदेखि २०८१ जेठ मसान्तसम्म मात्र हुनेछ ।

(१२) दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयलाई हुनेछ ।

(१३) यस सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

(१४) यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा वा सम्पर्क नं.-९८५५०४०७२७ मा सम्पर्क राखी जानकारी लिन सकिनेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत